नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचविखन अनुसन्धान ब्यूरो

(मिडिया डेस्क)

बबरमहल, काठमाण्डौ

मिति: २०७७।०९।१४ गते।

**बिषय:- " गैरकानुनी रुपमा चीन पुऱ्याई मानव बेचविखन गर्ने फरार अभियुक्त पक्राउ।"**

**केशको बिबरण :-**

जाहेरवाली बर्ष २३ को परिवर्तित नाम बबरमहल ५० की महिलालाई चीनमा व्यापार तथा रोजगार गर्ने प्रलोभनमा पारी ललाई फकाई गैरकानूनी तवरले प्रतिवादीले २०७६ पुस २५ गते नेपालको त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट आफुसंगै चिनको सान्दोङ प्रान्त हेज शहरको ताङ-लो टोलमा(**Shandong Heze)** बस्ने ताम्पु थोङ भन्ने चिनियाँ नागरिकको घरमा पुऱ्याई झुक्याई बिक्री गरे पश्चात ताम्पु थोङ भन्ने चिनियाँ पुरुषले जाहेरवालीलाई शारीरक र मानसिक यातना दिई बन्धक बनाई राखेको अवस्थामा मौका छोपी पीडितले निजको आफन्तसंग सामाजिक संजाल मार्फत आफु बिक्री भएको र यातना पाईरहेको जानकारी गराए पश्चात यस व्यूरो लगायत विभिन्न सम्बन्धित निकायहरुको समन्वयमा २०७७ कार्तिक १२ गते नेपाल फर्किई निजको आफन्तहरुको सम्पर्कमा आई पीडितले दिएको जाहेरीको आधारमा फरार रहेका प्रतिवादी किरण तामाङलाई यस ब्यूरोबाट खटिएको प्रहरी अधिकृतको टोलीले ललितपुर म.न.पा.-३, सानेपाबाट मिति २०७७/०९/१३ गते पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट म्याद थप भई थप अनुसन्धान कार्य जारी रहेको।

**पक्राउ अभियुक्तको विवरण :**

जि. काभ्रेपलाञ्चोक, साबिक महादेवटार गा.बि.स. -३, हाल रोशी गा.पा. ४ घर भई हाल जि. ललितपुर, पाटन बस्ने चन्द्रमान तामाङको छोरा बर्ष- ३२ को किरण तामाङ।

**कानुनी प्रावधान :**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार अनुसन्धान हुने।

**थप जानकारीको लागी:**

प्रवक्ता / सूचना अधिकारी : प्र.उ. सारदा प्रसाद चौधरी (९८५१२८०३७६)

मिति: २०७७/०९/१४ गते।